लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

# पशु औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।

**(प्रथम पटक प्रकाशन मितिः २०८२/०८/०३)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सेवा शाखा अन्तर्गत पशु औषधी खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आपनो फर्म ईजाजतपत्र नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको प्रमाण, कारवाही वा कालोसूचिमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। माथि उल्लेखित कागजात सहित यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फारामखरिद गरी रितपूर्वक पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।अन्य थप जानकारीका लागि यस कार्यालयको वेवसाइट**https://lalbandimun.gov.np/** मा हेर्न सकिनेछ।

तपसिलः

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम(मु.अ.कर सहित) | धरौटी रकम | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| S.Q./Goods/02-082/083 | पशु औषधी खरिद | रु.१०,४९,४८२/- | रु.२६,५००/- | रु.१०००/- |

सर्तहरुः

१.प्रथम पटक सूचना प्रकासित भएको मितिले १५औं दिन भित्र कार्यालय समयमा सम्बन्धित फर्म वा सप्लायर्सले माथि उल्लेखित कागजपत्र संलग्न गरी यस कार्यालयबाट फिर्ता नहुने गरी नगदै रु.१०००(एक हजार) राजश्व शाखामा बुझाई वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंकलालबन्दी शाखामा रहेकोआन्तरिक राजस्वखाता नं. १२८०१००३०१०१०००२ मा रकम जम्मा गरेको बैंक भौचर पेश गरी पशु सेवा शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. फर्म वा सप्लायर्सले सिलबन्दी दरभाउपत्र पेश गर्दा खाम बाहिर आफ्नो फर्मको नाम र कामको विवरण स्पष्ट उल्लेख गरी सिलबन्दी गरी यस कार्यालयमा सूचना प्रकासित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयका कर्मचारीहरु, फर्म तथा सप्लायर्सको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।उक्त समयमाफर्मको वा निजहरुको प्रतिनिधि उपस्थितनभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।कारणवश सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ।

३. धरौटी बापतको रकम लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दीको नाममा राष्ट्रिय बाणिज्य बैंक लि. लालबन्दी शाखामा रहेको धरौटी खाता नं.१२८०१००३०३००००२ मा नगदै वा मान्यता प्राप्त बाणिज्य बैंकको कम्तीमा ७५(पचहत्तर) दिनको बैंक जमानत सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ।

४. पशु औषधी खरिद गर्दा DDA/WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ। दरभाउपत्र पेश गर्दा कुन कम्पनी को पशु औषधी आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नुपर्नेछ। आपूर्ति हुने औषधी हरुको प्रत्येक प्याकिङ को बाहिर उत्पादन मिति, E xpiry Date, Batch No. तथा Health institutional supply, not for sell नेपाल सरकारद्वारा निःशुल्क वितरण(यो औषधी बिक्रीका लागि होइन) भनी लेखिएको हुनु पर्नेछ । कार्यालयमा औषधी दाखिला हुने मितिबाट कम्तिमा १८ महिनाको Expiry Date हुनु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्र सम्बन्धित फर्म वा सप्लायर्सले नै बुझाउनु पर्नेछ। रित नपुगेको वा म्याद नाघि प्राप्त सिलबन्दी दरभाउपत्रलाई मान्यता दिईनेछैन।

६.यस सूचनामा उल्लेख नभए का अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ। साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी वा फोन नं. ०४६ ५०११०० मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत